जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ६४ पृष्ठः ४ | २०८३ असार १४ आइतबार (Sunday 28 June 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## मार्बल ब्रान्डको नक्कली पाइप बिक्री गर्ने व्यवसायी प्रहरी नियन्त्रणमा, ४५२ थान पाइप बरामद



सिरहा, १३ असार। सिरहाको गोलबजार नगरपालिका ६ स्थित एक हार्डवेयर पसलबाट चर्चित मार्बल टेक्नो प्लास्ट कम्पनीको नामको लोगो र ब्राण्डिङ दुरुपयोग गरी नक्कली प्लास्टिक पाइप बिक्री–वितरण गर्नेगरेको पाइएपछि प्रहरीले ठूलो परिमाणमा पाइप बरामद गरेको छ। प्रहरीले अनियमित गतिविध गरेको अभियोगमा व्यवसायी र ट्रकसमेत नियन्त्रणमा लिएको छ।

शनिबार बिहान करिब १०:३० बजे मार्बल टेक्नो प्लास्ट, विराटनगरका आधिकारिक डिस्ट्रिब्युटर अरुण साहले कम्पनीको नाम र ब्रान्डिङ दुरुपयोग गरी नक्कली पाइप बिक्रीका लागि ल्याइएको सूचना इलाका प्रहरी कार्यालय गोलबजारमा दिएका थिए। सोही सूचनाका आधारमा प्रहरी निरीक्षक गौरीशंकर साहको नेतृत्वमा खटिएको टोलीले गोलबजार नगरपालिका ६ मा रहेको नेहाल आइरन स्टोरमा छापा मारेको थियो। उक्त पसल सिरहा नगरपालिका २० लगडिगोठ निवासी साबिर खानले सञ्चालन गर्दै आएका छन्।

प्रहरीले मधेश प्रदेश ०३–००१ ख ९८८० नम्बरको ट्रकमा लोड गरिएको करिब १२५ थान नक्कली प्लास्टिक पाइप बरामद गरेको छ। पसलको गोदामबाट सोही ब्रान्डिङ गरिएका थप ३२७ थान पाइप फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालले जानकारी दिए। यससँगै प्रहरीले कुल ४५२ थान नक्कली पाइप बरामद गरेको हो। नेहाल आइरन स्टोरले उक्त पाइप जानकी प्लास्टिक कम्पनी, जनकपुरबाट खरिद गरेको त्यहाँ कार्यरत एक कर्मचारीले बताए।

प्रहरीका अनुसार ट्रक, बरामद पाइप तथा पसल सञ्चालक साबिर

**–बाँकी तीन पेजमा**

## विकरणित रगत सेवा सुरु

विराटनगर, १३ असार। विराट मेडिकल कलेज विराटनगरमा नेपालमै पहिलो पटक विकरणित रगत (इरेडिएटेड ब्लड) उपलब्ध गराउने सेवा प्रारम्भ गरेको छ। रेडिएसन प्रविधि प्रयोग गरेर रगतमा भएका हानिकारक ( टिलिम्फोसाइट) लाई नष्ट गरी तयार गरिएको यो विशेष रगतले क्यान्सरका बिरामी, प्रत्यारोपण आवश्यक परेका तथा गरेका बिरामी र अन्य गम्भीर रोगका रोगीहरूको उपचारमा महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले हस्पिटलले यो सेवा सुरु गरेको रक्त सञ्चार विशेषज्ञ डा विपीन नेपालले जानकारी दिनुभयो।

डा नेपालका अनुसार जब बिरामीलाई सामान्य रगत चढाइन्छ, तब रगत दिने व्यक्तिको रगतमा भएको कोषिकाहरूले रोगीको शरीरको कोषिकाहरूलाई फरक मान्छन्। त्यसपछि दाता रगतको कोषिकाहरू बिरामीको शरीरको विरुद्ध लडाइँ गर्न सुरु गर्छन्। यसले रोगीको शरीरमा गम्भीर समस्या र जटिलता सिर्जना गर्ने समस्या देखिनसक्छ। "विकरणित रगतमा यो समस्या आउँदैन किन भने रेडिएसन प्रविधि प्रयोग गरेर दाता ब्लडबाट टिलिम्फोसाइट निष्क्रिय गरिन्छ", उहाँ भन्नुहुन्छ।

त्यसैले दाता रगतको कोषिकाहरू बिरामीको शरीरको विरुद्ध आक्रमण गर्न सक्दैनन्। त्यसकारण विकरणित रगत बिरामीमा चढाउँदा यो खतरा हुँदैन र बिरामी सुरक्षित रहने रक्तसञ्चार विशेषज्ञ डा नेपालको भनाइ छ। सम्पूर्ण रगत रोग तथा रगत क्यान्सरका बिरामी, बोनम्यारो,

**–बाँकी अन्तिम पेजमा**

## प्रदेश खारेज स्वीकार्य हुँदैन : जसपा अध्यक्ष यादव

**जीवछ यादव**

लहान, १३ असार। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रदेश खारेज गर्ने कुरा कुनै पनि हालतमा स्वीकार्य नहुने बताउनुभएको छ। जसपा नेपाल सिरहाले लहानमा शुक्रबार आयोजना गरेको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष यादवले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई विचारविहीन पार्टीको संज्ञा दिँदै गणतन्त्र, संघीयता र समावेशिताजस्ता उपलब्धिमाथि प्रहार हुने अवस्था आए जसपा नेपाल चुप लागेर नबस्ने चेतावनी




दिनुभयो।

उहाँले जसपा नेपाल आफ्नो लक्ष्य हासिल नभएसम्म संघर्षरत रहने पार्टी भएकाले एउटा चुनावमा पराजित हुँदैमा निराश नहुन नेता–कार्यकर्तालाई आग्रह गर्नुभयो। पार्टी सङ्गठनलाई थप सुदृढ बनाउँदै आगामी संघर्षका लागि तयारी अवस्थामा रहन उहाँको निर्देशन थियो। गत निर्वाचनमा पार्टीलाई धोका दिने नेता–कार्यकर्तालाई अब पार्टीमा कुनै स्थान र महत्व दिन नहुने उल्लेख गर्दै अध्यक्ष यादवले इमानदार युवा, महिला र दलितलाई प्राथमिकतामा राखेर पार्टीलाई अघि बढाउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "गाउँदेखि जिल्लासम्म पार्टीको पुनर्गठन गर्दै प्रशिक्षण सञ्चालन गर्न आवश्यक छ। सामाजिक सञ्जालको प्रभावकारी प्रयोग गरेर पार्टीको प्रचार–प्रसार गर्नुपर्छ। सामाजिक सञ्जालमा आफैँ लेख्न नसक्ने नेता–कार्यकर्ताले पनि पार्टीका नेताहरूका विचारलाई लाइक, शेयर र प्रचार गर्न सक्रिय हुनुपर्छ।" आगामी स्थानीय र प्रदेश निर्वाचनको तयारीमा पार्टीका सबै तहका नेता–कार्यकर्तालाई

**–बाँकी अन्तिम पेजमा**


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

- शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ, मधुमेहले,
- विभिन्न अंगमा क्षति पुर्‍याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुर्‍याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ।

मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## 'सेरेन्टिङ'को कुलत

अहिले सामाजिक सञ्जाल कतिपयको दैनिक जीवनको अभिन्न अङ्क बनेको छ। सामाजिक सञ्जालसँगै जन्मे हुर्केका अल्फा र जेन–जी पुस्ताका छोराछोरीमात्र होइनन् तिनका मिलेनियल  बाबुआमामा समेत सामाजिक सञ्जाल 'कुलत'जस्तै बन्न पुगेको देखिन्छ। कतिपय अधवैंसेहरू पनि सार्वजनिक स्थलमा समेत कसैको कुनै पर्वाह नगरी सामाजिक सञ्जालका निम्ति सामग्री निर्माणमा लागेको देखिनु सामान्य भइसकेको छ। यतिसम्म गर्दा कतिपयलाई सामान्य अप्ठेरो लागे पनि खासै हानि भने हुने नहुन सक्छ।

बच्चाको जन्मदेखि पहिलो पाइला, विद्यालयको पहिलो दिन, पुरस्कार, रमाइला क्षण र कहिलेकाहीँ उनीहरूको रोदन वा गल्तीसमेत सामाजिक सञ्जालमा सार्वजनिक गर्ने चलन बद्दो छ। कतिपय अभिभावकका लागि त बालबालिका सामाजिक सञ्जालका सामग्री उत्पादनमा सहयोगीमात्र हुन् कि भन्ने भान पर्छ। हुनत अभिभावकको उद्देश्य आफ्नो रमाइलो आफन्तहरूसँग बाँड्नुमात्र नै होला तर सामान्य देखिने यस्तो व्यवहारले बालबालिकाको भने गोपनीयता, सुरक्षा र भविष्यमा गम्भीर असर पार्न सक्छ। सामाजिक सञ्जाल चलाउने लतले आमाबाबुहरूले यस्ता संवेदनशील विषयमा भने ध्यानै दिएका हुँदैनन्।

बालबालिकाको पनि आफ्नै पहिचान, मर्यादा र गोपनीयताको अधिकार हुन्छ। उनीहरू सानै भएकाले आफ्नो तस्बिर वा भिडियो सार्वजनिक गर्ने नगर्ने विषयमा सचेत निर्णय गर्न सक्दैनन्। यस्तो अवस्थामा अभिभावकले नै उनीहरूको अधिकारको संरक्षण गर्नुपर्ने हो। विडम्बना, एकाध दशक यता कतिपय अवस्थामा अभिभावक नै बालबालिकाको निजी जीवनलाई सार्वजनिक प्रदर्शनको विषय बनाएर बालअधिकारको हननका साथै तिनको सर्वोत्तम हित गर्नुपर्ने दायित्वको पनि उपेक्षा गरिरहेका देखिन्छन्। फलस्वरूप,अभिभावकको एक छिनको रमाइलो र रहर सन्तानका लागि आजीवन बोझ बन्न पुग्छ।

एकपटक इन्टरनेटमा राखिएको सामग्री पूर्णरूपमा हटाउन लगभग असम्भव हुन्छ। सामाजिक सञ्जालमा सार्वजनिक गरिएको सामग्री बालबालिकाको तस्बिर वा भिडियो कसले डाउनलोड गर्छ र  कहाँ कसरी प्रयोग वा दुरुपयोग गर्छ भन्ने नियन्त्रण अभिभावकको हातमा रहँदैन। कृत्रिम बुद्धिमत्ता ( एआई) को विकाससँगै सामान्य तस्बिरसमेत सम्पादन गरेर नक्कली सामग्री (डीपफेक) बनाउन सकिने जोखिम बढेको छ। यस्ता सामग्री बाल यौन शोषण, ठगी, पहिचान चोरी वा साइबर अपराधका माध्यम बन्न सक्छन् भन्नेमा सामाजिक सञ्जालमा बालबालिकाको तस्बिर वा भिडियो राख्ने आमाबाबु पटक्कै सजग देखिँदैनन्।

अभिभावकमा बद्दो ुसेरेन्टिङु अर्थात् आफ्ना सन्तानबारे अत्यधिक सामग्री सामाजिक सञ्जालमा साझा गर्ने लत यस प्रकरणको अर्को चिन्ताको विषय हो। यसले बालबालिकाको डिजिटल पहिचान उनीहरूले आफैँ बनाउनु अघि नै अरूले निर्माण गरिदिन्छ। भविष्यमा उनीहरूले कस्तो डिजिटल छवि चाहन्छन् भन्ने निर्णय गर्ने अवसरसमेत उनीहरूबाट खोसिन सक्छ। यसले बालबालिकामा निराशा बढ्न सक्छ।

सामाजिक सञ्जाल कम्पनीहरूको व्यापारिक मोडेल पनि प्रयोगकर्ताको व्यक्तिगत विवरणमा आधारित छ। बालबालिकासम्बन्धी सामग्रीले उनीहरूको उमेर, स्थान, विद्यालय, रुचि र दैनिक गतिविधिबारे जानकारी संकलन गर्न सहयोग पुऱ्याउँछ। यस्ता विवरण लक्षित विज्ञापनदेखि अन्य व्यावसायिक प्रयोजनसम्म प्रयोग हुन सक्छन्। बालबालिकाको डिजिटल पदचिह्न (डिजिटल फुटप्रिन्ट) उनीहरूको जानकारीबिनै सानै उमेरदेखि निर्माण हुन थाल्छ। आमाबाबु वा सामाजिक सञ्जालद्वारा थोपरिएको व्यक्तित्व बालबालिकाको वास्तविक जीवनसँग नमिल्ने सम्भावना बढी हुन्छ। यसले बालबालिकाको भविष्यमा गम्भीर प्रतिकूल प्रभाव पर्न सक्छ।

संसार महामारीकै रूपमा फैलेको यो कुलत नेपालमा अपेक्षाकृत छिटै नै विस्तार भयो। यसैले नेपाली समाजले पनि यस विषयलाई गम्भीररूपमा लिनुपर्ने बेला आएको छ। सामाजिक सञ्जालमा बालबालिकासम्बन्धी सामग्री प्रयोग गर्दा बालबालिकाको गोपनीयता र सम्मानमा अतिक्रमण हुन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बालअधिकारसम्बन्धी कानुनले भने बालबालिकाको गोपनीयताको अधिकार संरक्षणलाई विशेष महत्व दिएको छ। अर्थात्, सामाजिक सञ्जालको कुनै सामग्रीले बालबालिकाको सर्वोत्तम हितमा आघात हुने ठहरियो भने अभिभावक वा अरू कुनै प्रयोगकर्ताले दण्डनीय अपराध गरेको ठहरिन सक्छ।

सन्तान अभिभावकको गर्वका विषय हुन् तर सामाजिक सञ्जालका उपभोग्य सामग्री होइनन्। उनीहरूको बाल्यकाललाई 'लाइक' र 'भ्यु' को प्रतिस्पर्धामा होइन, सम्मान, सुरक्षा र गोपनीयतामा हुर्कन दिने वातावरण दिनु नै जिम्मेवार अभिभावकत्व पूरा गर्नु हो। बालबालिकाको भविष्य सुरक्षित राख्ने पहिलो जिम्मेवारी राज्यको हुनाले सरकार पनि यसमा बढी गम्भीर र संवेदनशील हुनु त पर्छ तर मूल दायित्व अभिभावकको नै हो। जानीजानी सन्तानलाई जोखिमको भुमरीमा धकेल्न असल अभिभावकले पक्कै चाहँदैनन्।

# लुम्बिनीमा भुटानी गुम्बा निर्माण सुरु, नेपाल–भुटान सम्बन्ध थप प्रगाढ हुने विश्वास

भैरहवा, १३ असार। भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा भुटान सरकारले निर्माण गर्न लागेको भुटानी गुम्बाको औपचारिक रूपमा शिलान्यास गरिएको छ। भुटानका गृहमन्त्री ल्योन्पे छिरिङ, भुटानका धर्मगुरु उप महासङ्घराजा दोर्जे लोपेन रिम्पोछे तथा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री खड्गराज अधिकारी (गणेश) पौडेलको उपस्थितिमा विशेष धार्मिक विधिअनुसार गुम्बा निर्माणको शुभारम्भ गर्नुभयो हो।

शिलान्यास कार्यक्रममा भुटानी लामागुरुहरूले धार्मिक अनुष्ठान गर्दै भूमि पूजन गर्नुभएको थियो। गुम्बा निर्माणलाई भुटान र नेपालबीचको सांस्कृतिक, धार्मिक तथा कूटनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउने ऐतिहासिक कदमका रूपमा हेरिएको छ। भुटान सरकारको गृह मन्त्रालयअन्तर्गत संस्कृति तथा जोङ्खा विकास विभागकी महानिर्देशक म्याक्सुद ओजीले लुम्बिनीमा भुटानी मन्दिर निर्माण सुरु हुनु भुटानका लागि अत्यन्त महत्त्वपूर्ण र ऐतिहासिक उपलब्धि भएको बताउनुभयो। उहाँले भन्नुभयो, "लुम्बिनी परिसरमा नयाँ भुटानी मन्दिर निर्माण कार्य सुरु गर्नका लागि भूमि देवीको आशीर्वाद लिन हामी यहाँ उपस्थित भएका छौँ। यो परियोजनाले भुटानी बौद्ध परम्परा र संस्कृतिलाई बुद्धको जन्मभूमिसँग जोड्नेछ।"

भुटान सरकार र लुम्बिनी विकास कोषबीच गतवर्ष गुम्बा निर्माणसम्बन्धी समझदारीपत्र ( एमओयू) मा हस्ताक्षर भएको थियो। उक्त सम्झौताअनुसार चालु वर्षभित्रै परियोजना सुरु गर्ने प्रतिबद्धता कार्यान्वयन गर्दै निर्माण प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो। परियोजनाको पहिलो चरणअन्तर्गत गुम्बा परिसरको सीमा पर्खाल निर्माण कार्य सम्पन्न भइसकेको छ भने अब मुख्य मन्दिर निर्माणको काम सुरु गरिएको छ। भुटान सरकारले आगामी दुई वर्षभित्र सम्पूर्ण निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको ओजीले बताउनुभयो।

प्रस्तावित गुम्बामा भुटानको मौलिक वास्तुकला, धार्मिक कला तथा सांस्कृतिक विशेषतालाई समेटिने बताइएको छ। भुटानी शैलीका संरचना, प्रार्थना कक्ष, सांस्कृतिक प्रदर्शनी क्षेत्र तथा धार्मिक गतिविधिका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछन्। महानिर्देशक ओजीका अनुसार गुम्बा निर्माण सम्पन्न भएपछि लुम्बिनी भ्रमणमा आउने विश्वभरका बौद्ध तीर्थयात्री तथा पर्यटकहरूले भुटानी संस्कृति, कला र आध्यात्मिक परम्पराको प्रत्यक्ष अनुभव गर्न सक्नेछन्।

"एक बौद्ध राष्ट्रका रूपमा हामी हाम्रो विशिष्ट वास्तुकला र बुद्धप्रतिको श्रद्धालाई यहाँ प्रस्तुत गर्न चाहन्छौँ", उहाँले भन्नुभयो, "यसले लुम्बिनीलाई अझ अन्तरराष्ट्रिय र बहुसांस्कृतिक बौद्ध केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुऱ्याउनेछ।"

**द्विपक्षीय वार्तामा पर्यटन सहकार्यमा जोड**

गुम्बा शिलान्याससँगै नेपाल र भुटानका उच्च सरकारी प्रतिनिधिबीच लुम्बिनीमा द्विपक्षीय भेटवार्ता पनि सम्पन्न भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल र भुटानका गृहमन्त्री ल्योन्पे छिरिङबीच भएको छलफलमा पर्यटन, सांस्कृतिक आदानप्रदान तथा दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा केन्द्रित रहेर विचार विमर्श भएको थियो।

लुम्बिनी विकास कोषका निमित्त सदस्य सचिव ज्ञानीन राईका अनुसार वार्ताका क्रममा नेपालले दुई महत्त्वपूर्ण प्रस्ताव भुटानी पक्षसमक्ष राखेको थियो। मन्त्री पौडेलले भुटानको पारो अन्तरराष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबीच सिधा हवाई उडान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

कोषका निमित्त सदस्य सचिव राईका नेपाली पक्षले पारो–लुम्बिनी–बोधगया धार्मिक पर्यटन सर्किट विकास गर्न सके दक्षिण एशियाली बौद्ध पर्यटनमा नयाँ सम्भावना सिर्जना हुने धारणा राखेको थियो। हाल भुटानको राष्ट्रिय ध्वजावाहक ड्रुक एअरले पारो–काठमाडौँ उडान सञ्चालन गर्दै आएको सन्दर्भमा लुम्बिनीलाई अन्तरराष्ट्रिय बौद्ध गन्तव्यका रूपमा प्रत्यक्ष हवाई सञ्जालमा जोड्नुपर्ने आवश्यकता नेपाली पक्षले औँल्याएको थियो।

भुटानले विदेशी पर्यटकहरूमाथि लागू गर्दै आएको दिगो विकास शुल्क (एसडीएफ) सम्बन्धी थियो। हाल नेपाली नागरिकहरूले पनि भुटान भ्रमण गर्दा प्रतिव्यक्ति प्रतिदिन १०० अमेरिकी डलर बराबरको शुल्क तिर्नुपर्ने व्यवस्था रहेको छ। नेपालले दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्बन्धलाई ध्यानमा राख्दै नेपाली नागरिकका लागि उक्त शुल्क हटाउन वा विशेष सहुलियतको व्यवस्था गर्न आग्रह गरेको छ। भारत र बङ्गलादेशका पर्यटकका लागि छुट्टै व्यवस्था रहेको उदाहरण प्रस्तुत गर्दै नेपाली पक्षले नेपाली पर्यटकलाई सहज पहुँच उपलब्ध गराउन आग्रह गरेको थियो।

भुटानका गृहमन्त्री ल्योन्पे छिरिङले नेपालले उठाएका विषयहरूलाई सकारात्मक रूपमा लिइएको बताउँदै आवश्यक सरकारी तहमा थप छलफल गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उहाँले लुम्बिनीमा भुटानी गुम्बा निर्माणका लागि नेपाल सरकारले उपलब्ध गराएको जग्गा तथा सहयोगप्रति भुटान सरकारको तर्फबाट आभार व्यक्त गर्नुभयो। उहाँले लुम्बिनी र भुटानबीचको धार्मिक सम्बन्धलाई अझ सुदृढ बनाउँदै बौद्ध सम्पदा संरक्षण, तीर्थ पर्यटन प्रवर्द्धन तथा जनस्तरको सम्बन्ध विस्तारमा सहकार्य बढाउने प्रतिबद्धता पनि जनाउनुभयो।

द्विपक्षीय भेटवार्तामा नेपालका तर्फबाट लुम्बिनी क्षेत्रबाट निर्वाचित सांसद तौफिक अहमद खाँन र रूपन्देही–४ बाट निर्वाचित सांसद कन्हैया बनियाको सहभागीता रहेको थियो। यसै गरि भुटानका तर्फबाट नेपालका लागि भुटानका राजदूत मेजर जनरल भेत्सोप नामग्येल, भुटान सरकारका गृह सचिव लगायतको सहभागिता रहेको थियो।

# झापामा घट्दै चैते धानको क्षेत्रफल र उत्पादन

**सन्तोष शर्मा**

झापा, १३ असार। जिल्लामा पछिल्लो तीन वर्षयता चैते धानको क्षेत्रफल र उत्पादन क्रमशः घट्दै गएको छ। किसानले उचित मूल्य नपाएपछि खेती गर्न छोडेपछि जिल्लामा चैते धानको क्षेत्रफल र उत्पादन क्रमशः घट्दै गएको हो।
चालु आर्थिक वर्ष २०८२/८३ मा १६ हजार ७५८ हेक्टर क्षेत्रफलमा ८९ हजार ६५५ दशमलव तीन मेट्रिकटन चैते धान उत्पादन भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिनुभयो। यो परिमाण गतवर्षको तुलनामा सात हजार ४७८ दशमलव सात मेट्रिकटन कम हो।

आर्थिक वर्ष २०८१/८२ मा १९ हजार ९५० हेक्टरमा एक लाख छ हजार १३४ मेट्रिकटन चैते धान उत्पादन भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ८५० हेक्टरमा एक लाख चार हजार १४ मेट्रिकटन धान उत्पादन भएको थियो। जिल्लामा धानखेतीको क्षेत्रफल र उत्पादन घटे पनि उत्पादकत्व भने बढिरहेको छ। आव २०८०/८१ मा चैते धानको उत्पादकत्व पाँच दशमलव २४ थियो। आव २०८१/८२ मा पाँच दशमलव ३२ पुगेको थियो भने चाल आवमा पाँच दशमलव ३५ पुगेको कार्यालयले कृषि ज्ञान केन्द्रले जनाएको छ।

**विकल्प खोज्दै किसान**

मुलुकलाई चामलमा आत्मनिर्भर बनाउने सरकारी योजनामा मुख्य कडी मानिएको चैते धानको उचित मूल्य नपाएपछि किसानले विकल्प खोज्न थालेका छन्। आव २०८२/८३ मा जिल्लामा ४६ हजार १२५ हेक्टरमा गरिएको मकैखेती गरिएको थियो। जसमा दुई लाख ८३ हजार १८७ दशमलव ८८ मेट्रिकटन उत्पादन भएको थियो।

गत आव २०८१/८२ मा ४४ हजार ६२० हेक्टरमा तीन लाख ५१ हजार ४२६ दशमलव ४५ मेट्रिकटन मकै उत्पादन भएको थियो। यस पटक वर्षाका कारण मकै उत्पादनमा कमी आए पनि उत्पादकत्व सात दशमलव ८८ बाट वृद्धि भई सात दशमलव ८९ पुगेको केन्द्रका प्रमुख विष्टले जानकारी दिनुभयो। धान सुपरजोन कचनकवलकी किसान पुष्पा रिमालले चैते धानको मूल्य नपाउँदा कृषक मकैखेतीतर्फ आकर्षित भएका बताउनुभयो। "धानको मूल्य नै नपाएपछि मकैखेती गरेँ", उहाँले भन्नुभयो, "मकैको मूल्य राम्रो भए पनि यस वर्ष वर्षाले नोक्सान गऱ्यो।"

**लागत नउठ्ने मूल्य**

किसानले रु ६०० देखि ६५० प्रतिमन (४० किलो) मा चैते धान बिक्री गरिरहेका कृषि ज्ञान केन्द्रका प्रमुख विष्टले जानकारी दिनुभयो। "यो मूल्यले किसानको लागत नै उठ्दैन", उहाँले भन्नुभयो, "अनि किसानले कसरी खेती गर्ने, हामीले उहाँहरूलाई खेती गर्न दबाब पनि दिन सक्दैनौँ।"
सरकारले चालु आर्थिक वर्षका लागि चैते धानको मूल्य प्रतिक्विन्टल दुई हजार ८५६ रुपैयाँ ४९ पैसा तोकिएको थियो। जुन गतवर्षको तुलनामा ५५ रुपैयाँ आठ पैसाले बढी हो। गत साउनमा सरकारले चालु आवका लागि वर्षे धानको न्यूनतम समर्थन मूल्य तोकेको थियो। सरकारले मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार ४६३ र मध्यम धानको रु तीन हजार ६२८ निर्धारण गरेको थियो। चैते धानको न्यूनतम समर्थन मूल्यअनुसार प्रतिमन धानको मूल्य रु एक हजार १४२ दशमलव चार हुन्छ। किसानले रु ६०० देखि रु ६५० पाइरहेका छन्।

**सरकारी नीति कागजमै सीमित**

सरकारले चैते धानको क्षेत्रफल विस्तार गर्ने नीति लिए पनि व्यावहारिक रूपमा सरकारी संयन्त्रबाट धान खरिद गर्ने वा समर्थन मूल्य कार्यान्वयन गराउने कुनै स्पष्ट र प्रभावकारी व्यवस्था नरहेको कृषि ज्ञान केन्द्रका प्रमुख विष्टले बताउनुभयो। "बजार पूर्णरूपमा निजी व्यवसायीहरूको नियन्त्रणमा रहँदा किसानहरू मारमा परेका छन्", उहाँले भन्नुभयो, "किसानलाई उत्पादनमा प्रोत्साहन गरेर मात्र हुँदै बजार सुनिश्चित हुनुपर्छ।"

"वर्षे धानको क्षेत्रफल बढाउने ठाउँ हाम्रो देशमा अब बाँकी छैन, त्यसैले चामलमा आत्मनिर्भर हुनका लागि चैते धानकै क्षेत्रफल र उत्पादन बढाउनुको विकल्प छैन", उहाँले भन्नुभयो, "यदि सरकारले न्यूनतम समर्थन मूल्यमा किसानको धान आफैँ खरिद गरिदिने वा बजार मूल्य सुरक्षित गर्ने ग्यारेन्टी गर्दैन भने चैते धानको खेती अझै घट्दै जानेछ, जसले मुलुकमा गम्भीर खाद्य सङ्कट निम्त्याउन सक्छ।" घाटाको व्यापार गरेर कृषकले सधैं खेती गरिरहन नसक्ने हुँदा सरकारले बेलैमा खरिद रणनीति र यान्त्रीकरणलाई प्रभावकारी रूपमा अघि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

# ८५ वर्षदेखि जग्गाधनी प्रमाणपुर्जाविहीन राजविराजवासी

**धीरेन्द्रप्रसाद साह**

राजविराज, १३ असार। राजविराज नगर स्थापना भएको ८५ वर्ष बितिसक्दा पनि विटौरी जग्गामा बसोवास गर्दै आएका हजारौँ परिवार जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा)बाट वञ्चित रहेका छन्। हकभोग गर्दै आएको जग्गाको स्वामित्व सुनिश्चित गर्नुपर्ने मागसहित स्थानीयवासीले सञ्चालन गरेको आन्दोलन शनिबार ४२ औँ दिनमा पुगेको छ।

आन्दोलनरत पक्षले राजविराज स्थापनाकालदेखि बसोवास गर्दै आएका नागरिकलाई हकभोगका आधारमा जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउनुपर्ने एक सूत्रीय माग राख्दै आएको छ। लालपुर्जा वितरणको सुनिश्चितता नभएसम्म आन्दोलन जारी रहने उनीहरूको भनाइ छ।

**स्थापनाकालदेखि बसोवास, स्वामित्व अझै छैन**

स्थानीय ७० वर्षीय बिन्देश्वर साहका अनुसार वि.सं. १९९८ मा राजविराज नगर स्थापना गर्दा तत्कालीन सदरमुकाम हनुमाननगरबाट नागरिकलाई स्थानान्तरण गरी विटौरी जग्गामा व्यवस्थित रूपमा बसोवास गराइएको थियो। कर्मचारी आवासका लागि छुट्याइएको १० बिघासहित करिब ७० बिघा क्षेत्रका पाँच हजारभन्दा बढी परिवार अहिले पनि जग्गाधनी प्रमाणपुर्जाको प्रतीक्षामा रहेका छन्।

स्थानीय सचिन्द्र दासले नगरवासीले सुरुदेखि नै सरकारलाई तोकिएको राजस्व तथा भूमिकर (विटौरी कर) तिर्दै आएको बताउनुभयो। ७५ वर्षीय थानसिंह भन्सालीका अनुसार राजविराज नगरपञ्चायत स्थापना भएपछि वि.सं. २०१६ देखि विटौरी कर उठाउन थालिएको थियो भने वि.सं. २०२८ को नापी




अभिलेखमा सम्बन्धित जग्गा ब्लक जग्गाका रूपमा कायम गरिएको छ।

विगतमा विटौरी रसिदलाई आधार मानेर जग्गाको खरिद–बिक्री, धितो, बैंकिङ कारोबार र अंशबण्डासमेत हुँदै आएको थियो। पछिल्ला वर्षमा ती सबै प्रक्रिया रोकिएपछि स्थानीयवासीले आफ्नै जग्गाको पूर्ण उपभोग गर्न नपाएको सचिन्द्र दासले बताउनुभयो। यस्ता जग्गाको स्वामित्व हस्तान्तरणसम्बन्धी विवादमा अदालतबाट समेत फैसला हुँदै आएको उहाँको भनाइ छ।

स्थानीय दिनेश गुप्ताले वि.सं. २०६८ मा भोगचलन तथा विटौरी करको आधारमा नापी सम्पन्न भएको र सात दिने भूलसुधार तथा २१ दिने दाबी–विरोधसम्बन्धी कानुनी प्रक्रिया पनि पूरा गरिएको जानकारी दिनुभयो। नापी प्रक्रिया सम्पन्न भएपछि वडा कार्यालयको सिफारिसका आधारमा केही व्यक्तिले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरिसकेका छन्। राजविराज नगरपालिकाले पनि नगरपरिषद्को निर्णय अनुसार लालपुर्जा वितरणका लागि सम्बन्धित निकायमा पत्राचार गरिसकेको जनाएको छ।

आन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले नापी कार्यालयले लालपुर्जा वितरणसम्बन्धी जानकारीपत्र जारी गरिसकेको भए पनि वितरण प्रक्रिया अघि बढ्न नसकेको बताउनुभयो। कुनै निकायबाट औपचारिक रूपमा वितरण रोक्न निर्देशन नआएको अवस्थामा पनि प्रक्रिया रोकिएकाले तत्काल लालपुर्जा वितरण गर्नुपर्ने उहाँको माग छ।

**विभिन्न स्वरूपमा आन्दोलन**

लालपुर्जाको माग गर्दै स्थानीयवासीले नगरपालिकाको कार्यालयमा तालाबन्दी, रिले अनसन, धर्ना तथा अर्धनग्न, टर्च लाइट बालेर, गुलाबको फूल, सिटी बजाउने र नक्कली घर प्रदर्शन जस्ता विभिन्न प्रकारका सांकेतिक विरोध गर्दै आएका छन्। आन्दोलनका क्रममा प्रहरीले नगरपालिकामा लगाइएको ताल्चा खोलेर आन्दोलनकारीलाई हटाएको तथा लाठीचार्ज गरेपछि आन्दोलनलाई थप सशक्त बनाउँदै दैनिक रूपमा विभिन्न स्वरूपका शान्तिपूर्ण प्रदर्शन भइरहेको छ। उनीहरूले 'एउटै नारा, एउटै आवाज, हाम्रो प्यारो राजविराज' र 'आश्वासन होइन, लालपुर्जा चाहिन्छ' लगायतका नारासहित प्रदर्शन गर्दै आएका छन्।

आन्दोलनकारीका अनुसार वि.सं. २०२८ मा करिब ६० बिघा क्षेत्रलाई नापी कार्यालयले ब्लक जग्गाका रूपमा अभिलेख कायम गरेको थियो। त्यसै आधारमा लालपुर्जा वितरण हुनुपर्ने उनीहरूको माग छ। राजविराज नगरपालिकाअन्तर्गत १० बिघे ब्लक क्षेत्रका केही जग्गामा भने नापी कार्यालयको सिफारिसका आधारमा मालपोत कार्यालयबाट यसअघि नै जग्गाधनी प्रमाणपुर्जा वितरण भइसकेकाले समान प्रकृतिका बाँकी जग्गामा पनि सोही आधारमा लालपुर्जा वितरण गर्न आन्दोलनरत पक्षले सरकारसँग माग गरेको छ।

**जग्गा दर्ता विवाद समाधान गर्न पाँच सदस्यीय समिति गठन**

राजविराज नगरपालिकाभित्र रहेको विटौरी जग्गाको दर्ता तथा स्वामित्वसम्बन्धी विवाद समाधानका लागि नेपाल सरकारले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा उपसचिव नरेन्द्र पौडेलको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ।

असारको सुरुमै गठन गरिएको समितिलाई राजविराज नगरपालिका अन्तर्गतको जग्गा दर्तासम्बन्धी समस्याको अध्ययन गरी १५ दिनभित्र समस्याको पहिचान, समाधानका उपाय तथा दीर्घकालीन कार्ययोजनासहितको प्रतिवेदन सरकारसमक्ष पेस गर्ने कार्यादेश दिइएको छ। समितिमा नापी विभागका प्रमुख नापी अधिकृत दिनेश काफ्ले, अभिलेख विभागका निर्देशक खिमानन्द आचार्यसहित पाँच सदस्य रहनुभएको छ। समितिले केही दिनअघि राजविराजमा आएर अध्ययन, अवलोकन, सकारवालासँग छलफल तथा संवाद गरेर फर्किसकेको आन्दोलन समितिका संयोजक दासले जानकारी दिनुभयो। समितिको प्रतिवेदनका आधारमा आवश्यक निर्णय प्रक्रिया अघि बढाइने जनाइएको छ।



धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

# सर्लाहीको चन्द्रनगरमा सजिवन सम्मेलन सुरु

**जनार्जन खत्री**

सर्लाही, १३ असार। सर्लाहीको चन्द्रनगर गाउँपालिकाले नेपालमै पहिलो सजिवन (मोरिङ्गा) सम्मेलन आयोजना गरेको छ। औषधीजन्य वनस्पति सजीवनको खेती विस्तार र यसको गुणबारे प्रचारप्रसार गर्ने उद्देश्यले सजिवन सम्मेलन आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले जानकारी दिनुभयो। चन्द्रनगर गाउँपालिका–२, पर्ती बजारमा शनिबारदेखि सुरु भएको सजिवन सम्मेलन आइतबारसम्म सञ्चालन हुने छ।

"स्वास्थ्य, सुपोषित, समृद्ध र सुन्दर परिवारको लागि सजिवन : देश, हरित अर्थतन्त्र, पर्यावरण र प्रकृतिका लागि सजिवन भन्ने मूल नारासहित चन्द्रनगर गाउँपालिकाले सम्मेलनको आयोजना गरेको हो।" सजिवन खेतीको विस्तार र यसको उपयोगिताबारे बुझाउन चन्द्रनगर गाउँपालिकाले वर्सेनि अभियान सञ्चालन गर्दै आइरहेको छ।

गाउँपालिकाले स्थानीयलाई निःशुल्क रुपमा सजिवनको विरुवासमेत उपलब्ध गराउँदै आएको जनाएको छ। चन्द्रनगर गाउँपालिका–६, गोसबरियाका सुवोधकुमार कर्णले गाउँपालिकाबाट निःशुल्क रुपमा विरुवा लिएर २५० भन्दा बढी सजिवनको विरुवा रोपेको बताउनुभयो। आफूले सजिवनको पातबाट पाउडर बनाएर उपयोग गर्न थालेपछि स्वास्थ्यमा सकारात्मक प्रभाव देखिन थालेको कर्णको भनाइ छ। आफूले उत्पादन गरेको सजिवनको पाउडर गाउँघरमा थोरै मात्रामा बिक्रीसमेत हुन थालेको र बजारीकरणका लागि थप सहयोग पुगे आम्दानीको राम्रो स्रोत बन्ने अवस्था रहेको उहाँले बताउनुभयो।

गाउँपालिकाबाट निःशुल्क विरुवा पाएपछि कर्णजस्तै चन्द्रनगरका थुप्रै स्थानीयले आफ्नो घरआँगन तथा करेसा र खेतबारीमा सजिवनको विरुवा रोपेका छन्। यसको उपयोग पनि बढ्न थालेको छ। सम्मेलनमा सहभागी ईश्वरपुर नगरपालिका–११, का वीरेन्द्र साहले सजिवनबारे गाउँगाउँमा व्यापक प्रचारप्रसारको खाँचो औँल्याउनुभयो। सम्मेलनमा शनिबार मधेश प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंह, कोशी प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्ष तारानाथ निरौला, मधेश प्रदेशका पूर्व अर्थ सचिव किरण रुपाखेती, सजिवन अभियन्ता हेमन्तराज काफ्लेलगायतले सजिवनको फाइदा र यसको खेतीको सम्भाव्यताबारे प्रस्तुतिकरण दिनुभएको छ।

सम्मेलनमा सातवटै प्रदेशबाट विद्यार्थी, सजिवन अभियन्ता, व्यवसायीलगायत सहभागी भएका चन्द्रनगर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकिशोर साले जानकारी दिनुभयो। कार्यक्रममा व्यवसायीले सजिवनबाट बनाइएको औषधिजन्य वस्तु बिक्रीका लागि राखेका छन्। कार्यक्रमका सहभागीलाई सजिवनको विभिन्न परिकार चखाउने कामसमेत गरिएको गाउँपालिका कार्यालयले जनाएको छ। सजिवन अभियन्ताका अनुसार सजिवनमा भिटामिन ए, सी र इ, पोटासियम, आइरन, कुपोषण न्यूनिकरण, रक्तचाप नियन्त्रण, मधुमेह व्यवस्थापन, पाचन सुधार, जोर्नी दुखाइ कम गर्ने र रोग प्रतिरोधात्मक क्षमता बढाउनेजस्ता गुण रहेको हुन्छ।

## मार्बल ब्रान्डको...

खानलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर थप अनुसन्धान भइरहेको छ। प्रारम्भिक अनुसन्धानबाट बरामद पाइपहरू मार्बल टेक्नो प्लास्टको नाम, लोगो र ब्रान्डिङ दुरुपयोग गरी बजारमा बिक्रीका लागि ल्याइएको आशंका गरिएको प्रहरीले जनाएको छ। घटनासम्बन्धी आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।

यता, मार्बल टेक्नो प्लास्टका मार्केटिङ म्यानेजर सुदिप न्यौपानेले नेहाल आइरन स्टोरले करिब तीन वर्षदेखि कम्पनीको नाम प्रयोग गरी नक्कली पाइप बिक्री गर्दै आएको आरोप लगाए। उनका अनुसार बजार अनुगमनका क्रममा उपभोक्ताले आफूहरू मार्बल टेक्नो ब्रान्डकै पाइप प्रयोग गरिरहेको बताएपछि कम्पनीले बिक्री अभिलेखसँग तुलना गर्दा उक्त क्षेत्रमा कम्पनीबाट न्यून आपूर्ति नभएको देखिएको थियो। त्यसपछि अनुसन्धान गर्दै जाँदा कम्पनीकै नाम र ब्रान्डिङ दुरुपयोग गरी नक्कली पाइप बिक्री भइरहेको तथ्य फेला परेको उनले बताए।

न्यौपानेका अनुसार यसअघि पनि कम्पनीले सम्बन्धित व्यवसायीलाई यस्तो कार्य नगर्न मौखिक रूपमा सचेत गराएको उनले बताए। तर पुनः उही गतिविधि दोहोरिएको पाइएपछि अब कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने उनले बताए। उनका अनुसार नक्कली उत्पादनको बिक्रीले कम्पनीको प्रतिष्ठामात्र होइन, उपभोक्ताको विश्वास र सुरक्षामाथि समेत गम्भीर असर पुऱ्याएको छ। यस घटनाले बजार अनुगमन प्रणालीमाथि पनि गम्भीर प्रश्न उठाएको छ। बजार अनुगमन गर्ने सरकारी निकाय हुँदाहुँदै लामो समयसम्म नक्कली सामान खुलेआम बिक्री भइरहनुले प्रभावकारी अनुगमनको अभाव देखिएको छ।

# तिलाठी कोइलाडीमा बाढीको उच्च जोखिम

**विनय कर्ण**

राजविराज, १३ असार। सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा बाढीको जोखिम अझै गम्भीर रहेको एक अध्ययनले देखाएको छ। गाउँपालिकाका प्रत्येक चार घरमध्ये एक घर अति उच्च बाढी जोखिममा रहेको अध्ययनले निष्कर्ष निकालेको हो। मर्सीकोर्प्स नेपाल, कोका–कोला फाउन्डेसनको सहयोग तथा तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा आसमान नेपालले सञ्चालन गरेको 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत गरिएको घरधुरी सर्वेक्षणले गाउँपालिकाका २५ प्रतिशत घरधुरी अति उच्च जोखिममा रहेको देखाएको छ।

सर्वेक्षण अनुसार नदी किनारमा फुस तथा अन्य कमजोर सामग्रीबाट बनेका घरहरू बाढीको सबैभन्दा बढी जोखिममा छन्। यस्ता घरमा बाढीबाट जोगिन आवश्यक सुरक्षा व्यवस्था नहुँदा ठुलो क्षति हुने सम्भावना रहेको मर्सीकोर्प्स नेपालका कार्यक्रम प्रतिनिधि जगदीश डोटेलले जानकारी दिनुभयो। शुक्रबार आयोजित परियोजना समीक्षा तथा सर्वेक्षण निष्कर्षसम्बन्धी छलफल कार्यक्रममा प्रस्तुत तथ्याङ्क अनुसार गाउँपालिकाका ९७ प्रतिशत घर एकतले छन्। यसले आकस्मिक बाढीको समयमा माथिल्लो तलामा सुरक्षित आश्रय लिन नसकिने अवस्था रहेको देखाएको छ। त्यस्तै, ८१ प्रतिशत घर जमिनको सतहसँगै वा बढीमा तीन फिट उचाइमा मात्र निर्माण गरिएका छन्, जसले बाढीको जोखिम अझ बढाएको छ।

गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले बाढी प्रभावित समुदायलाई विपद्सँग जुध्न सक्षम बनाउन खोज तथा उद्धार, प्राथमिक उपचारलगायतका क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको बताउनुभयो। साथै, अब नयाँ घर निर्माण गर्दा कम्तीमा पाँचदेखि सात फिट उचाइमा जग राखेर निर्माण गर्न प्रोत्साहन गर्ने नीति लागु गरिने उहाँको भनाइ छ। गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेशकुमार झाले अति उच्च जोखिममा रहेका बस्तीलाई लक्षित गरी पूर्वसूचना प्रणाली प्रभावकारी बनाइएको, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सुदृढ गरिएको तथा समुदायमा नियमित रूपमा कृत्रिम घटना अभ्यास, खोज तथा उद्धार र प्राथमिक उपचारसम्बन्धी तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो।

आसमान नेपालका कार्यक्रम प्रबन्धक अशोककुमार यादवका अनुसार गाउँपालिकाका आठवटै वडामा सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरी स्थानीय स्वयंसेवकको क्षमता विकास गरिएको छ। समितिलाई खोज तथा उद्धार तथा प्राथमिक उपचारका आवश्यक सामग्रीसमेत उपलब्ध गराइएको उहाँले बताउनुभयो। कार्यक्रममा सहभागी सामुदायिक विपद् व्यवस्थापन समिति सकरपुराका अध्यक्ष केशरी सिंहले खाँडो नदीको बालुवा र माटोबाट बनेको बाँध धेरै स्थानमा कटानको जोखिममा रहेको उल्लेख गर्दै २०७४ सालमा भत्किएको स्थान अहिले पनि जोखिममै रहेकाले तत्काल मर्मत नगरे बाढीका बेला ठुलो क्षति हुन सक्ने चेतावनी दिनुभयो।

तिलाठी कोइलाडी गाउँपालिका–१ का वडाध्यक्ष दिनेश्वर मिश्रको अध्यक्षतामा आयोजित कार्यक्रममा वडाध्यक्षहरू हरिनारायण मण्डल र सत्यनारायण यादव, कार्यपालिका सदस्य रीता साह तथा सामुदायिक विपद् व्यवस्थापन समिति कोइलाडीका अध्यक्ष संजय सहनीले बाढीबाट हुने क्षति न्यूनीकरणका लागि पूर्वतयारी, सुरक्षित आवास निर्माण र समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेकोमा जोड दिनुभयो।

बाढीको जोखिम पूर्ण रूपमा हटाउन तत्काल सम्भव नभए पनि समयमै पूर्वतयारी, सुरक्षित संरचना निर्माण र समुदायको क्षमता अभिवृद्धिले सम्भावित जनधनको क्षति उल्लेखनीय रूपमा घटाउन सकिनेमा सहभागी सरोकारवालाहरूले जोड दिएका छन्।

# सप्तरीबाट २ राउन्ड गोलीसहित दुई युवक प्रहरी नियन्त्रणमा

लहान, १२ असार। सप्तरी प्रहरीले बलान बिहुल गाउँपालिकाबाट दुई राउन्ड गोलीसहित दुई युवकलाई नियन्त्रणमा लिएका छन्। पकाउ पर्नेहरूमा बलान बिहुल गाउँपालिका वडा नम्बर ३ का ३२ वर्षीय सुभाष कुमार पासमान र सोही ठाउँ बस्ने २२ वर्षीय धर्मेन्द्र सिंह रहेका प्रहरीले जनाएको छ। बिहीबार दिउँसो ४ बजेतिर बलान बिहुल गाउँपालिका वडा नम्बर ३ स्थित टिकुलिया–बेल्ही सडक खण्डमा बाँसको टहरा शंकास्पद अवस्थामा बसिरहेका उनीहरूको शरीर खानतलासी गर्दा पासमानको साथबाट ८ एमएम लेखिएको २ दुई राउण्ड गोली फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरी सूचना अधिकारी डीएसपी हेमराज घिमिरेले जानकारी दिए। उनले पक्राउ परेकाहरूलाई खरखजाना सम्बन्धी मुद्दामा अदालतबाट पाँच दिनको म्याद लिएर अनुसन्धान गरिरहेको बताए।

## प्रदेश खारेज ...

अहिलेदेखि नै सक्रिय हुन आग्रह गर्दै उहाँले वर्ग, वर्ण, समाजवाद र सामाजिक न्यायका मुद्दालाई जनस्तरसम्म पुऱ्याउनुपर्ने बताउनुभयो।

उहाँले विगत ३४ वर्षमा ३० वटा सरकार गठन हुँदा पनि जनतामा निराशा बढेको उल्लेख गर्दै व्यवस्था परिवर्तन भए पनि जनजीवनमा अपेक्षित सुधार नआएकै कारण पुराना दलप्रति जनविश्वास घटेको दाबी गर्नुभयो। सुशासन, विकास, सामाजिक न्याय तथा गणतन्त्र र संघीयताको रक्षाका लागि जसपा नेपाल एकताबद्ध भएर अघि बढ्नुको विकल्प नरहेको उहाँको भनाइ थियो।

अन्तरक्रिया कार्यक्रममा सिरहा जिल्लामा पार्टीले व्यहोरेको हार र त्यसका कारणबारे जिल्ला तहका नेताहरूले खुलेर धारणा राखेका थिए। पार्टीबाट निर्वाचित जनप्रतिनिधि तथा मधेश सरकारमा पार्टीको नेतृत्व हुँदा जनअपेक्षा अनुसार काम हुन नसकेको, विशेषगरी किसानलाई राहत दिने प्रभावकारी कार्यक्रम सञ्चालन नभएको भन्दै नेता–कार्यकर्ताले गुनासो गरेका थिए।

## विकरणित ...

मिर्गौला प्रत्यारोपण गर्नुपर्ने बिरामी, जन्मजात इम्युन कमजोर भएका बिरामीहरूलाई यसले फाइदा गर्ने रक्तक्यान्सर तथा रगत रोग विशेषज्ञ डा विकासकुमार शाहले बताउनुभयो।

यो सेवा सुरु भएपछि बिराट मेडिकल कलेज टिचिङ हस्पिटलमा पूर्वी नेपालका विकरणित रगत आवश्यक भएका बिरामीहरूलाई धेरै लाभ मिल्ने अस्पतालले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।
समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध
घोषणा गरेको छ।

# धरानको 'स्मार्ट बसपार्क' सञ्चालन

सुनसरी, १३ असार। धरान उपमहानगरपालिका–८ स्थित अत्याधुनिक 'स्मार्ट बसपार्क' आजदेखि सञ्चालनमा आएको छ। धरान उपमहानगरपालिकाका कार्यवाहक नगरप्रमुख अइन्द्रविक्रम बेघाले आयोजित एक कार्यक्रमबीच बसपार्कको उदघाटन गर्नुभएको हो। सङ्घीय सरकार र धरान उपमहानगरपालिकाको ५०–५० प्रतिशत आन्तरिक स्रोतबाट करिब एक बिघा सात कट्ठा क्षेत्रफलमा बसपार्क निर्माण गरिएको हो। कूल रु ३३ करोड ७० लाख ४७ हजार ३३७ लागत अनुमान गरिएको उक्त आयोजना निर्माणको जिम्मा बिकोइ गीताञ्जली जेभी, दुहबी सुनसरीले पाएको थियो। निर्माण कम्पनीले रु २५ करोड ४१ लाख ६७ हजार ३१९ मा २०७८ असार ३० गते ठेक्का सम्झौता गरी निर्माण कार्य सुरु गरेको थियो।

बसपार्क रु २४ करोड ८६ लाख नौ हजार १४८ मा निर्माण सम्पन्न भएको धरान उपमहानगरपालिकाका योजना शाखाका इञ्जिनियर प्रकाश शर्माले जानकारी दिनुभयो। यहाँ एकैपटक ३८ वटा ठूला बस र १८ वटा जिप पार्किङ गर्न सकिने व्यवस्था छ। भवनको बेसमेन्टमा ७२ वटा दुईपाङ्ग्रे सवारीसाधन, ६० वटा अटो तथा केही कार र जिप पार्किङ गर्न सकिने क्षमता रहेको उहाँले जानकारी दिनुभयो।

बसपार्कमा करिब ३०० यात्रु अट्ने सुविधा सम्पन्न प्रतीक्षालय, टिकट काउन्टर, एटिएम बुथ, सिसिटीभी तथा सुरक्षा कक्ष, सार्वजनिक शौचालय, प्राथमिक उपचार कक्ष, मिनीमार्ट तथा यात्रु चढाउन र ओराल्नका लागि २२ वटा अटो अट्ने स्टेसन निर्माण गरिएको छ। अन्डरग्राउन्ड पार्किङसहित बसपार्क भवनको पहिलो तलामा १८ वटा व्यावसायिक सटरसमेत निर्माण गरिएको उहाँले बताउनुभयो।

उद्घाटन समारोहमा कार्यवाहक नगरप्रमुख बेघाले स्मार्ट बसपार्क सञ्चालनमा आएसँगै धरानको सार्वजनिक यातायात सेवा थप व्यवस्थित, सुरक्षित र यात्रुमैत्री हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले धरानको पुरानो बसपार्क साँघुरो हुँदा यात्रुको भीड, ट्राफिक जाम तथा विभिन्न असुविधा हुने गरेको उल्लेख गर्दै नयाँ बसपार्कले ती समस्या न्यूनीकरण गर्न सहयोग पुग्ने बताउनुभयो। बसपार्कको व्यवस्थापनलाई आगामी दिनमा थप प्रभावकारी बनाउँदै लगिने उहाँले प्रतिबद्धता जनाउनुभयो।

धरानमा लामो समयदेखि व्यवस्थित बसपार्कको अभाव हुँदा यात्रु तथा सार्वजनिक यातायात व्यवसायीले सास्ती भोग्दै आएका उल्लेख गर्दै धरान उपमहानगरपालिकाकी पूर्वनगर उपप्रमुख मञ्जु भण्डारीले नयाँ स्मार्ट बसपार्क सञ्चालनसँगै सार्वजनिक यातायात सेवा थप व्यवस्थित हुने र यात्रुले आधुनिक तथा सहज सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले स्मार्ट बसपार्क धरानको गौरवको आयोजना भएको उल्लेख गर्दै पुरानो बसपार्क साँघुरो हुँदा दुर्घटनाको जोखिम तथा अव्यवस्थापन न्यूनीकरण गर्न यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

## मोटरसाइकल चोरी भएको सूचना

२०८३ असार ६ शनिबार रोड नं २ को सरगम एफ एम को अगाडी साँझ ८:३० बजे websurfer नेट को तल प्यासेज बाट चोरी भएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मलाई सम्पर्क गरी उपलब्ध गराई दिनहुन अनुरोधका लागि यो सूचना जारी गरिन्छ।

प्रदेश २–०१–००१ प ७९४
इन्जिन नं. : JA05EGK9L36608
चेसिस नं. : MBLJAR032K9B47275
कम्पनी : हिरो मोटरसाईकल
सवारी मोडेल : सुपर स्पलेण्डर
बनेको वर्ष : २०१९
नाम : दिपक कुमार साह







मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)